# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०१।२३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

यातायात व्यवस्था कार्यालय सवारी कोशीका लेखापाल सुरेश अधिकारीले पदीय मर्यादा विपरित कार्य गरी गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी अस्वाभाविक उच्च जीवन यापन गरिरहेकोले कारबाही गरी पाउँ भनी आयोगमा दर्ता हुन आएको उजुरी उपरको अनुसन्धानमा मिति २०५९।६।१६ देखि मिति २०६०।२।२५ सम्म रोल्पा जिल्ला, तेवाङ्ग गा.वि.स. को गा.वि.स. सचिवको पदमा, मिति २०६०।२।२६ देखि मिति २०६५।१२।१९ सम्म नेपाल टेलिकमको सहायकस्तर तह ४ को पदमा कार्यरत रहेको निजले सो टेलिकम सेवा पश्चात मिति २०६५।१२।३० मा निजामती सेवाको लेखापाल पदमा नयाँ नियुक्ति भई कोष तथा लेखा नियन्त्रकको कार्यालय भोजपुर हुँदै मिति २०६७।१२।२० देखि मिति २०७४।१।६ सम्म यातायात व्यवस्था कार्यालय कोशी इटहरीमा लेखापालको पदमा कार्यरत (मिति २०७४।१।६ मा निलम्वित) निजको मिति २०५९।६।१६ देखि मिति २०७५ वैशाख मसान्तसम्मको जाँचअवधिको निजको आयव्यय तथा सिर्जित सम्पत्तिहरु उपर बिश्लेषण गरी हेर्दा निजले तलवभत्ता, प्रोत्साहन भत्ता, जग्गा विक्री, नगद अंश भर्पाइ, कर्जा लगायतबाट जम्मा रु.८८,३४,८८५।-(अठासी लाख चौंतीस हजार आठ सय पचासी) आय आर्जन गरेको देखिन्छ । सोही अवधिमा निजले आफू र श्रीमतीहरु दुर्गा अधिकारी, दिपा श्रेष्ठ (अधिकारी), सुस्मिता अधिकारी, सोममायाँ श्रेष्ठ लगायत सासू पुष्प कुमारी निरौला र मामा नाताका बलराम शर्मा समेतका नाममा खरिद गरी राखेका एवं लगानी गरेको चल अचल सम्पत्तिहरु जग्गा खरिद, घर निर्माण, सवारी साधन खरिद, लगानी तथा खर्च एवं विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा मौज्दात लगायतमा रु. ५,९८,६८,५०८।-(पाँच करोड अन्ठानव्बे लाख अठसट्ठी हजार पाँच सय आठ) खर्च तथा लगानी गरेको देखिँदा निजको वैध आय रु.८८,३४,८८५।- को तुलनामा रु.५,१०,३३,६२३।-(पाँच करोड दस लाख तेत्तीस हजार छ सय तेइस रुपैयाँ) बराबरको भागको स्रोत नखुलेको पाइएबाट निजको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिन आएकोले वैध आयको तुलनामा स्रोत खुल्न नसकेको रु.५,१०,३३,६२३।- (पाँच करोड दस लाख तेत्तीस हजार छ सय तेइस रुपैयाँ) निजले राष्ट्रसेवक भएपश्चात के कस्तो श्रोतबाट सम्पत्ति आर्जन गरेको हो भन्ने कुराको स्रोत पुष्टि गर्न नसकेबाट गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज सुरेश अधिकारी उपर विगो रु.५,१०,३३,६२३।-(पाँच करोड दस लाख तेत्तीस हजार छ सय तेइस रुपैयाँ) कायम गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम विगो बमोजिम जरिवाना र कैद

सजाय हुन र निजले श्रोत पुष्टि गर्न नसकेको एवं गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्तिको विगो रु.५,१०,३३,६२३।- (पाँच करोड दस लाख तेत्तीस हजार छ सय तेइस रुपैयाँ) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख बमोजिम जफत गरी पाउन निज सुरेश अधिकारी लगायत निजका श्रीमतीहरु दुर्गा अधिकारी, दिपा श्रेष्ठ (अधिकारी), सुस्मिता अधिकारी, सोममायाँ श्रेष्ठ, सासू पुष्प कुमारी निरौला र मामा नाताका बलराम शर्मा समेतलाई प्रतिवादी कायम गरी आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता